**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ जेठ ५ गते**
**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** नेपालमा कोरोना संक्रमित फेला परेको साढे तीन महिनापछि कर्णाली प्रदेशमा पहिलो घटना कोरोना भाइरस देखिएको छ । दैलेखको आठबीस नगरपालिका-१ सात्तलाका ३५ वर्षीय एक युवकमा कोरोना भाइरसको संक्रमण फेला परेको पुष्टि भएको छ ।

कर्णाली प्रदेश प्रयोगशालामा पोजेटिभ देखिएपछि जेठ ५ गते पुनः परीक्षणका लागि नेपालगञ्ज पठाएकोमा त्यहाँ समेत पोजेटिभ देखिएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले औपचारिक पुष्टि समेत गरेको छ ।

भारतको वनबासामा तीन साता रोकिएर आएका ५३ जना मध्ये अहिले लक्ष्मी मावि सात्तला क्वारेण्टीनमा  जेठ ३ गते संकलन गरिएको नोजल स्वावको परीक्षणपछि त्यहाँ भएका ३९ जना मध्ये एक जनामा मात्र कोरोना देखिएको हो ।

भारत र नेपाल दुबै देशमा लकडाउनका कारण वनबासा पारी भारतको भूमिमा तीन साता बसेर कञ्चनपुरको गड्डाचौकीमा स्वास्थ्य परीक्षण नगरी ५३ जना एउटै गाडीमा आएका थिए । जसमध्ये ४ जना बर्दिया झरेका, आठ जना दैलेखको ठाँटीकाँध, एक जना दुल्लू र एक जना चामुण्डाबिन्द्रासैनी नगरपालिका गरी सबै सिधै घरमै पुगेको आठबीस नगरपालिका-१ का अध्यक्ष पर्वसिंह बिश्वकर्माले बताउनुभयो ।

३९ जना सबै आठबीस नगरपालिका-१ सात्तला गाउँकै भएको कारण वडा कार्यालयले विभिन्न सम्पर्क सुत्रको सहयोगमा कञ्चनपुरबाटै एउटा बसमा ल्याएकोले सबैलाई सोझै क्वारेन्टाइनमा बसाल्न सकिएको वडाध्यक्ष बिश्वकर्माले जानकारी दिनुभयो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** भारतवाट आएका २६ जनाको स्वाव संकलन गरी पिसिआर परीक्षणका लागि वैशाख ५ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला पठाइएको छ ।

सरकारले भारतमा रोजगारीका लागि गएका व्यक्तिहरुको उद्धारगरी जिल्ला ल्याएका २६ जनाको पिसिआर विधिवाट स्वाव परिक्षण गर्न लागिएको कालिकोटका सूचना अधिकारी कटक महतले जानकारी गराउनु भएको छ ।

भारत तथा नेपालकै अन्य जिल्लावाट कालिकोट फर्केका ३८ जना क्वारेन्टाइनमा वसिरहेका छन् । जिल्ला अस्पतालको क्वारेन्टाइनमा ३२ जना, सान्नि त्रिवेणीमा तिन जना र नरहरिनाथमा एक जना रहेका छन् ।

जेठ ५ गतेबाट जिल्लाका ८२ वटा वडामा पिसिआर बिधिबाट परीक्षणका लागि स्वाव संकलन कार्य शुरु गर्न जिल्ला स्वास्थ्य कार्यालयको टोलि स्थानीय तहमा पुगेको सूचना अधिकारी महतको भनाइ रहेको छ ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** पिसिआर परीक्षणका लागि जेठ २ गते सुर्खेत पठाइएका ११ वटा स्वाबको रिपोर्ट नेगेटिभ आएको छ । अन्य २ सय २६ जनाको स्वाब संकलन गरेर जेठ ४ गते सुर्खेत पठाइएको जिल्ला स्वास्थ्य सेवा कार्यालयका प्रेमबहादुर सिंहले बताउनुभयो ।

तर रिपोर्ट नआउँदै क्वारेन्टाइनमा रहेकाहरुलाई घर पठाइएको छ। रिपोर्ट नआउँदै घर पठाइएको भन्दै स्थानीयले त्यसको विरोध समेत गरेका छन्। यसरी घर पठाइएका व्यक्तिहरुलाई होम क्वारेन्टाइनमा रहेनेगरी पठाइएको सिमकोट गाउँपालिका स्वास्थ्य संयोजक दानबहादुर बोहराको भनाई छ।
एसइई दिने विद्यार्थीहरुलाई एफएम रेडियोबाट तयारी कक्षा सुरु गरिएको छ। कोरोनाका कारण पठनपाठनमा लामो समयसम्म बन्चित रहेका विद्यार्थीका लागि हुम्लाका तीनवटा एफएमबाट एकैसाथ तयारी कक्षा सञ्चालन भइरहेको छ। रेडियोबाट तयारी कक्षा सञ्चालन भएपछि आफूहरु रेडियो सुनेर तयारी गरिरहेको छात्रा सबिता शाहीले बताउनुभयो।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** जेठ ३ गते स्वाब संकलन गरेर पठाएका एक सय ४९ जनाको रिपोर्ट नेगेटिभ आएको छ। रुकुम पश्चिमका ६ वटै स्थानीय तहबाट भारत तथा जिल्ला बाहिरबाट आएका व्यक्तिहरुको स्वाब संकलन गरी सुर्खेत पठाइएको थियो। जेठ ४ गते ति सबैजनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालयका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण फोकल पर्सन ईश्वर रावलले जानकारी दिनुभयो।
त्यसैगरी जिल्लाका चार स्थानीय तहबाट थप स्वाब संकलन गरिएको छ। बाँफीकोट गाउँपालिकाबाट पाँच जना, आठविसकोट नगरपालिकाबाट १९ जना, मुसीकोट नगरपालिकाबाट आठ जना र त्रिवेणी गाउँपालिकाबाट पाँचजना गरी जम्मा ३७ जनाको स्वाब संकलन गरिएको कोरोना फोकल पर्सन रावलले जानकारी दिनुभयो।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** जिल्ला अस्पताल सल्यानको प्रविधिक सहयोग र वनगाड कुपिण्डे नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा बारा, धादिङ, रामेछापबाट आएका ११ जनाको आरडिटि परीक्षण गरिएको छ। उनीहरु सबैको रिपोर्ट नेगेटिभ आएको नगरपालिकाले जनाएको छ।
यस्तै भारतबाट आएका ७ जना र बाराबाट आएका २ जनाको पिसिआर परीक्षणको लागि स्वाब संकलन गरिएको स्वास्थ्य शाखा संयोजक वासुदेव पोखेलले जानकारी दिनुभयो। प्रभाकर माविमा रहेको क्वारेन्टाइनमा बसेका उनीहरुको आरडिटि परीक्षण तथा स्वाव संकलन गरिएको हो।
यसैगरि कुमाख गाउँपालिकामा ५ जना क्वारेन्टाइनमा बसेका छन। भारतमा मजदुरी गर्ने २ जना र कोहलपुर, दाङमा अध्ययन गर्ने ३ जना गाउँ फर्किएपछि जनता मावि रागेचौरमा रहेको क्वारेन्टाइनमा राखिएको हो। उनिहरूलाइ क्वारेन्टाइनमा राखेर चेकजाँचपछि मात्रै घर पठाइने गाउँपालिका अध्यक्ष दिलमाया बुढाले जानकारी दिनुभयो।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार** बहु आयामिक विकास तथा अध्ययन मन्च, जाजरकोट मार्फत वातावरणीय कृषि तथा विकास केन्द्र (केड)को सहयोगमा जेठ ४ गते लकडाउनले समस्यामा परेका नलगाड नगरपालिका वडा नं–८ को पन्चभयांर मा.वि.का एक सय जना बालबालिका र ८ जना सुत्केरी महिलालाई खाद्य सामग्री वितरण गरिएको छ। यस्तै भेरी नगरपालिका वडा नं–९ भुरका दिपेन्द्र मावि, शिव शक्ति र सुर्यज्योति आधारभुत विद्यालयका एक सय जना बालबालिकालाई पनि खाद्य सामग्री वितरण गरिएको बहु आयामिक विकास तथाअध्ययनमन्च, जाजरकोट राजेन्द्र विक्रमशाहले बताउनु भयो।

उक्त सामग्री नलगाड नपा वडा नं ८ का अध्यक्ष गोविन्द शाही तथा भेरी नपा वडा नं ९ का अध्यक्ष ध्रुव पौडेललाई हस्तान्तरण गरिएको थियो । राहत स्वरुप प्रति बालबालिका तथा महिलालाई ३० किलो चामल, २ किलो दाल, २ पोका नून, २ पोका तेल र १ किलो चिनी दिइएको थियो ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** जिल्लाका १८ पत्रकार, तातोपानी गाउँपालिका १० जना, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका स्वास्थ्यकर्मी २ सय ५७ जना गरी २ सय ८५ जनाको पिसिआर परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको प्रतिष्ठानका ल्याव इन्चार्ज विबेक पुन मगरले बताउनुभयो ।।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** खत्याड गाउँपालिका -४ मा जेठ ५ गते गरिएको आरडिटी परीक्षणमा १८ वर्षीया युवतिलाई कोरोना पोजेटिभ देखिएको छ । पिसिआर परीक्षणको लागि उनको स्वाब वैशाख ६ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्ला लगिने सहायक प्रमुख जिल्ला अधिकारी केशवकुमार ज्ञवालीले बताउनुभयो ।
ज्ञवालीका अनुसार ति युवति १८ गते काठमाडौंबाट सदरमुकाम गमगढी आइ ४ दिनसम्म आफन्तको होटलमा बसेकि थिइन ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**